CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

...रानिक तरङ्ग

लेखक तथा प्रकाशक

पं० श्री जयदेव अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा. मे. सं. म. वि. पुस्तकालय
लाई लेखकको तर्फबाट समर्पण
श्री
देवका उपाध्याय

दार्शनिक तरङ्ग

नं० ४४४४
वेदान्त २५

–: लेखक तथा प्रकाशक :–

पं० श्री जयदेव उपाध्याय अधिकारी

कञ्चनवारी, विराटनगर

(कोशी अञ्चल)

(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :—स्वयं लेखक

प्रथम संस्करण २०२६ साल अक्षय तृतीयाभा

पहिलो प्रकाशनमा १००० प्रति

मूल्य :—निःशुल्क वितरण

पुनर्मुद्रणादि सर्वाधिकार लेखक मैं सुरक्षित छ ।

गोपाल प्रिंटिंग प्रेस
भद्रपुर मेची अञ्चल, (झापा)
(नेपाल) द्वारा मुद्रित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बा. सं. म. वि. पुस्तकालय
रामबाहु पथ कठमाडौं

विषय सूची

		पृष्ठ संख्या
१—ब्रह्म खण्ड	—	१—१३
२—प्रकृति खण्ड	—	१४—२३
३—उत्तरार्ध कर्म खण्ड	—	२४—३०
४—विवेक	—	३१—४३
५—राजधानी	—	४४—६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो लेख प्रेसमा दिंदा पाण्डुलिपी गरिदिने श्री देवकुमार उपाध्याय न्यौपाने लाई धन्यवाद छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—भूमिका—

समुद्रमा जसरी तरङ्गहरू उठतै फिजारिदै बिलाउँदै गर्छन् । त्यस्तैमानव हृदयमा पनि नाना थरिका मानसिक तरङ्गहरू उठतै फिजारिदै हराउँदै गछन् । ती तरङ्गहरूलाई संगालो गरेर राख्ने हो भने जीवन भरि कति किसिमका के के भावनाका मानसिक तरङ्गहरूको कत्रो थुप्रो लाग्दथ्यो हो त्यो भनेर सकिदैन लेख्नको के कुरा ।

मैले आफ्नो ४० वर्षको उमेर देखिका कैले कहींका केही घतलाग्दा मनका भावनाहरूलाई पद्य रूपमा लेख्ने गरे । हुंदा हुँदा निकै पद्यहरू जम्मा हुन आएछन । मलाई प्राय आध्यात्मिक विषयमा रूचि हुनाले जति पनि लेखें ती सबै जसो दार्शनिक विषयका तरङ्गहरू थिए ।

यस उसले यो मानसिक तरङ्गको संगालो होर पनि यसलाई दार्शनिक तरङ्ग भन्ने नामकरण गरेको छु । जहिले जे अनुभव हुन्छ त्यस वेला त्यो लेख्ने गरेकोले पूर्वापर सम्बन्ध नमिले पनि यसको उद्देश्य एउटै वस्तु अद्वितीय ब्रह्मको प्रतिपादन गर्ने विचार भएकोले उति असङ्गत हुने छैन ।

यसको मंगलाचरणमा अनुष्टुप छन्दका दुई पद्य छन् । जसमा "पितालाई गरे ढोग " वाट उठान हुन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

,'ॐ पर ब्रह्मणे नमः" मा विश्राम हुन्छ । पिता देखि लिएर आफ्नो पुर्खाको खोजी गर्दै जांदा कहां तक पुगिएला जो आदि पुरुष होला त्यहां तक त्यो पुरुष को होला ? जो वेदान्त वेद्य पर ब्रह्म परमेश्वर जसभन्दा पर कुनै तत्व छैन त्यो नै सबै ब्रह्माण्ड सन्सारको जनक हुनाले त्यसै परम पिता ॐ पदवाच्य परमेश्वरलाई नमस्कार गरिएको छ र त्यसै तत्वको प्रतिपादनार्थ यो सानु पुस्तिका लेखि जन समक्षमा ल्याउने प्रयास गरेको छु ।

मैले दर्शन शास्त्र नपढेको हुँदा यो लेख सबै ठीक छ भनेर साधिकार बोलेको होईन तदपि प्रमाण बेगर लेखेको त एक पद्य पनि न होला जस्तो ठानेको छु ।

गोठालाले पाखाको चप्लेटी ढुङ्गमा बसेर कानमा औंलाको ठेडी मारेर झ्याउरे गीतद्वारा मनका तरङ्ग पोखे झैं मैले पनि यी पद्यद्वारा मनका तरङ्ग पोखेको छु यो सन्सारमा जन्मेका जति पनि प्राणीहरू छन् तीं सबैको विचार एउटै छैन् । (भिन्न रूचि हिं लोकः) कसैलाई पिरो मन पर्छ भने कसैलाई गुलियो जति सुकै सम्पन्न पुरूष किन नहोस् अलिकता पनि आध्यात्मिकता छैन भने उसको जन्म त्यति राम्रो सुहाँउदैन किन कि जति सुकै बुट्टा भरेर झिलिक्क पारे पनि खोक्रा बालाले खरिदारको जति भाउ पाउँदैन । विषय सुख जति सुकै भएपनि एकदिन समाप्त हुन्छ । ब्रह्माको आयु सकिए र अर्को ब्रह्माको पालो आउँ समुद्रको पानी पनि एक दिन सुक्छ सुमेरु पर्वत ढल्ने दिन आउँछ पृथ्वी सबै खरानी हुने दिन आउँछ सूर्य चन्द्र हराउने दिन आउँछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू विशेष बाँकीनै के रहन्छ र।

आध्यात्मिकता मनुष्यमात्रमा आउँन सक्छ नकि पशुमा। उनीहरू आहारा निन्द्रा, भय मैथुनमा मात्र व्यस्त छन् तर मानिसले त्यतिमा मात्र सन्तोष गर्नु हूँदैन केही न केही आध्यात्मिकता को अन्वेषण गर्नैं पर्छ र मात्र पशु भन्दा भिन्न हुईन्छ।

तर यति त साधिकार भन्न सकिन्छ कि दुःख भोग्न कसैलाई इच्छा छैंन सुख भोग्न सबैलाई छ।

सुखस्यानन्तर दुखं दुःखस्यानन्तरं सुखम्। सुख पछि दुख आउँछ दुख पछि सुख। यो प्रत्यक्ष छ जस्तो पहिले पढ़दा कति कष्टछ पढि सक्यो अनि तुरून्त भयो मास्टर साहेब अथवा पण्डित वाजे गुरुजी प्रशस्त पैसा पनि भो अनिसुख। त्यसै नपढी कहांवाट मिल्ने। यो त एउटा दिग्दर्शन मात्र हो। कुनै पनि सुख पहिले दुख न खेपि मिल्दैन। दुख नगरि सुख खोज्नु मनोरथमा वसेर आकाशको यात्रा गर्नु खोज्नु जस्तो हो। अब अर्को एक कुरा पनि म भन्छुकि सुख २ प्रकारका छन् १ विषय २ निर्विषय। विषय विनाशी छ निर्विषय अविनाशी। विषयवाट अविनाशी सुख प्राप्त गर्न गाह्रो छ।

हुनत हिजो आजको दुनियामा भौतिकोन्नति प्रतिदिन वढदै गइरहेकोले यो आध्यात्मिक विषयमा रुचि गर्ने कमै हुनन तर पनि उपर्युक्त विशिष्टताले यो विषयले नै मन शान्त गर्न सक्ने हुनाले हेर्न योग्य कविता होला जस्तो मलाई लागेको छ। नेपाली भाषा शास्त्रको ज्ञान कम भएकाले नेपाली लेख्नु पर्दा शब्द कमभै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउं ठाउं संस्कृतका शब्द तथा कहीं विदेशी शब्द कही पादपूर्तिलाई अनर्थक शब्द पनि पर्न गएका छन् त्यसमा पाठकवर्गसंग क्षमा प्रार्थी छु ।

अब म पुनः प्रस्तुत कुरा बोल्दछु । यो मेरो पुस्तिकामा पांच प्रकारण छन् तर सबै प्रकरणमा आत्मतत्व कै खोजी छ किनांक भलाई त्यसको चर्चा गर्नुभनै रमाइलो लाग्दछ । मैले लेखेको यो पुस्तिकामा कुनै पनि पद्यमा आत्मतत्वको चर्चा नभएको प्राय छैन । एक से एकपाठक वर्गले केलाएर हेरेमा यथार्थ ज्ञान हुने छ ।

"बरू खानु पाचै मूठी वस्तु नेपालैमा" आधा पेट खाएर पनि आफ्नै देशनेपालमा वस्तु जाति हो । भन्ने कथन अनुसार थोरै नै लेख छ तापनि यसमा सार निकै गहकिलो छ । यतिनै भएपनि गढेर हेर्नें हो भने पुग्ला जस्तो मलाई लाग्छ । यो मेरो लेखमा श्री भगवान शंकरको आशीर्वाद छ । नत्र अपठित मेरा बुद्धिले यो सम्पन्न हुन गाह्रै थियो ।

मैले गोरखनेपाठशालामा पढ़ाउंदा आध्यात्मिक वर्तासुन्न केही जिज्ञासुता लिने मेरा माननीय शशुरा स्वर्गीय श्री तनरनाथ न्यौपानेज्यूको आग्रह थियो र मैले यो पुस्तिका लेखेको हुं तसर्थ वांहाको आभारी छु ।

यो लेखको भाषा शुद्धिमा धेरै सहयोग दिने मेरा भानिज श्री ज्ञानमणि नेपाललाई धन्यवाद नादिई रहन सक्तिन ।

मेरा सतीर्थ्य पं. श्री लक्ष्मी प्रसाद पोखेल ज्यू लाई मेरो हार्दिक सम्झना छ । वांहावाट पनि मैंले यो लेख लेख्ने प्रोत्साहन पाएको हूं ।

यो कविताको ब्रह्म खण्डका पद्यहरू पि स . म. वि धरान छात्र पुस्तकालयवाट प्रकाशित पीपल पत्रिकामा क्रमशः गरि प्रकाशित भयेका छं कोई पद्यहरू रूपान्तर पनि भयेकाछन् ।

अन्त्यमा म यो कविता जगत्पिता श्री परब्रह्म परमेश्वर लाई सनम्र प्रार्थना गर्दै पाउमा अर्पण गर्दछु ।

घ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—सम्मतिहरू—

"दार्शनिक तरङ्गका" खण्डहरू मैले आद्योपान्त हेरें यसमा उहांले आफ्ना जीवन भरका अनुभवहरुको संग्रह जस्तै गनु भएको रहेछ । पहिलो ब्रह्म खण्डमा अद्वितीय अविनाशी ब्रह्मको अखण्डता र त्यसैमा कल्पित नश्वर सृष्टिको अभिन्नता देखाउनु भएको छ। दोश्रो प्रकृति खण्डमा माया अविद्याको वर्णन र प्रकृति बद्ध चेतनको दुरवस्था वर्णन भएको छ। अनि तेश्रो कर्म खण्डमा कर्मको गति र कर्मबन्धनबाट छुटने केही साधनहरूको वर्णन भएको छ। चौथो विवेक खण्डमा विचारको प्रौढता र वैराग्य तथा प्रकृति जालबाट छुटने उपायहरूको वर्णन गरिएको छ पांचौं नेपाल राजधानी खण्डमा उपत्यका भित्रको प्राकृतिक वर्णनका साथै देवी देवता र त्यस भित्रका धर्मको समेत दिग्दर्शन भएको छ। प्राय अनुष्टुप् छन्दमा रचिएका पद्यहरू समझिनलाई सरल र प्रसाद गुण सम्पन्न पनि छन् । यस बाट केही शब्द भाषा साहित्यको टेवा भै केही द्रुतगतिले दौडी रहेको राष्ट्रिय जन जीवनमा अध्यात्म विचारको बीजारोपण हुनेछ भन्ने मेरो विश्वास छ। अन्तमा यस कृतिको निमित्त लेखक पं. जय देव लाई गम्भीर आशिर्वासन ।

स्वामी ईश्वरानन्द
गीता भवन धरान
२०२८ वैशाख १३ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. श्री जयदेव उपाध्याय अधिकारीले रचना गर्नु भएको 'दार्शनिक तरङ्गको केहीभाग मैले पढें। यसमा उहाँले जीवन जगतर ब्रह्मको विषयमा उठने दार्शनिक तरङ्गहरू पोख्नु भएको छ, मायार अविद्याको विषयमा उहांको कल्पना सुन्दर तथा सुगम छ दुष्कर्म र सुकर्मको परिचय कर्म गर्ने रीति अजपा जप आदि राम्ररी प्रस्तुत गरीएका छन। सन्सारमा उत्रीसत्य शान्तिर सुखको खोजी गर्ने मानवको हृदयमा उठने जीवन विज्ञान सम्बन्धी तथा वेदान्त विज्ञान सम्बन्धी तरङ्गहरू यहां अभिव्यक्त भएका छन । शैलीको मधुरता तथा सरलताले मात्र होइन कि आन्वरिक समवेदनामय ।अनुभूतिपूर्ण आध्यात्मिक उद्गारले पनि यो प्रयास प्रशंसनीय छ। यसका प्रकाशनले आध्यात्मिकता को प्रसारमा यथा योग्य सहयोग गर्नेसकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

प्रो० गोपाल निधि तिवारी

वेदान्ताचार्य एम. ए. (इङ्गलिस)
महेन्द्र विद्या भूषण "साहित्य रत्न"
२१।५१० कमल पोखरी काठमाण्डौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री जयदेवजीले आध्यात्मिक विचारहरूलाई चयन गरेर लेख्नु भएका यी कविताहरू पठनीय मात्र होइन मननीय पनि छन। वेदान्त शास्त्रहरूमा लेखिएका कुराहरूलाई वहाले सबैले बुझ्ने गरी सरल भाषामा लेखि दिनु भएकाले यसबाट धेरै मानिसहरू लाभान्वित हुन सक्तछन । शास्त्रीय कुराहरूका साथै यसमा वहांका आफ्ना अनुभवहरू समेत रहेकाले झन् बढी रोचक भएको छ ।

यो विशाल सन्सार के हो ? हामी के हौं ? भन्ने प्रश्नको विषयमा शास्त्रहरूमा जुन कुरा लेखिएका छन्। ऋषि मुनि तपस्वीहरूले जुन कुरा बताएका छन् तिनै कुराहरूका आधारमा यी कविताहरू लेखिएको शास्त्रले नपढेका मानिसहरू पनि यसबाट अध्यात्म रसको आस्वादन गर्न पाउनेछन। मानिसहरूलाई वहिर्मुखबाट अन्तर्मुख गराउने विद्यानै अध्यात्म हो । मनो गुहाको भित्रीतहमा पुग्न चाहनेले यस प्रकारका पुस्तकहरूको अध्ययन र मननगर्नु धेरै राम्रो कुरा हो ।

ऋषभदेव शर्मा रेग्मी
(शास्त्री)
काठमाण्डौ (नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साना साना बालक बालीकालाई ठूला विचार प्रदान गर्न सफल हुनुभएका अध्यापक श्री पं. जयदेवजीले आफ्नो प्रौढ़ावस्ता सम्मको अनेक दर्शन र अनुभवलाई सबैले जानुन बुझुन भनि लेख्नुभएको यो "दार्शनिकतरङ्ग" प्रशंसनीय मात्र होइन यो धर्तिमा जन्मने सबैले आफ्नो अनुभव आफैंमा नपचाएर यसरी छाडि दिएमा देश सेवा हुन्छ भन्ने मार्ग दर्शन पनि गराउनु भएकोले उहांको परिश्रम सफल भै सबैलाई लाभ समेत होस भन्ने शुभ कामना व्यक्त गर्छु ।

इन्द्र राज पाण्डे
डिल्लि बजार मैतिदेवी
काठमाण्डौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रिय साथी पं. जयदेव अधिकारीले लेख्नु भएको "दार्शनिक तरङ्ग" हेर्ने मौका पाएं। यो सानो पुस्तकमा गाग्रामा सागर भरे झैं आफ्नो विचारहरू भरेको पाउँदा खुसी लाग्यो।

आत्यन्तिक सुखको प्राप्ति र दुःख नाश गर्नु नै मनुष्यमात्रको परम कर्त्तव्य भएकाले पारमार्थिक आत्यन्तिक सुख प्राप्तिका निमित्त दर्शनको अति आवश्यकता छ। म को हुँ कहांबाट आएं पछि कहां जानेछु ? यो जीवन क्षण भङ्गुर छ आत्यन्तिक श्रेयको मार्ग कुन हो ! इत्यादि विचार धारा लाई संगालेर परमेश्वर को अन्वेषण गर्न सिकाउने जुन छ त्यही मार्ग हाम्रो आर्य दर्शनमा उपलब्धि हुन्छ यसका अनेक भेद छन् तापनि जताबाट बहेर गए पनि नदीहरू आखिरमा समुद्रमै पुगे झैं सबै आस्तिक दर्शनको मुख्य लक्ष्य परमेश्वर प्राप्ति नै हो। तो सबै दर्शन हरूको संगालो यस "दार्शनिक" तरङ्गमा थोर बहुत पाएं।

मनुष्यको जीवनीमा उठान देखि बैठान सम्मका नाना दोष र तिनीहरूलाई त्यागेर आखिरमा मनुष्यले कस्तो विचार गरेर परमेश्वर पट्टि लाग्नु पर्छ त्यो कुरा यो सानु पुस्तकमा प्रस्फुरित छ भौतिक विज्ञान वादीहरूको झैं आ जीवन संसारी तरङ्गमा रङ्भाङ्गिन नलाएर यो दार्शनिक ज्ञानले आखिरमासंसार समुद्रबाट पार लगाउन यस दार्शनिक तरङ्गले संकेत गर्दछ त्यसैले मलाई साथीको यो प्रयास सराहनीय लाग्यो। यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार धाराका पुस्तकहरू नेपाली भाषामा निस्केमा आस्तिकता लाई विशेष उपयुक्त हुन जानेछ भन्ने सम्झी यो पुस्तक शीघ्रातिशीघ्र प्रकाशमा आओस भन्ने ठानेर यो पुस्तकको प्रकाशनका निमित्त अनुमोदन गर्दछु ।

गोविन्द प्रसाद भट्टराई
प्राध्यापक वाल्मीकि संस्कृत महाविद्यालय
१८ । ५८ महाराज गञ्ज काठमाण्डु (नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो पुस्तक प्रकाश गर्दा कति ठाउँमा भूलभई सकार-हरू तथा ह्रस्व दीर्घादि मात्राहरू र अक्षरहरू उल्टा पाल्टी भई अर्थको अनर्थ पनि पर्न गएको होला। सज्जन बर्गले ती दोषहरूको गणना नगरी सच्याएर पढ़ि दिन हुन अनुरोध गर्दछु।

गच्छतः स्खलनं क्वाऽपि भवत्येव प्रमादतः
हसन्ति दुर्जनास्तत्र समाधत्ते हिसज्जनाः

भावार्थ

बाटोहिड्ने चुक्की लड्दा हाल्छ देखेर दुर्जन ।।
उठाउछ चुचू गर्दै समाई कन सज्जन ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झउयारे पारा

जो तत्व जाने जानिन्छ सवलोक को रचना ॥
त्यो तत्व जान्ने सज्जनलाई जगत्छ सिनेमा ॥१॥
सिनेमा हेर्नें अजानलाई सिनेमा सत्यै छ ।
त्यो तत्व जान्ने सज्जनलाई सिनेमा खेलाछ ॥२॥
चैलेत थियो ईश्वर एक जगत थियेन ।
एकलो वस्न उसको भित्री मनले दियेन ॥३॥
एकलोमछू धेरै नै महुँ भनेर चितायो ।
त्रिरङ्गे डाँफे १ रचेछ आफैं अनि यो २ जमायो ॥४॥
रातोर कालो शेतोछ रूप त्रिरङ्गे डाँफेको ।
उसको पर्दाको रङ्ग सदा त्रिरङ्गे आफै भो ॥५॥
ब्रह्मार विष्णु शिवको रूप लियेर रमाई ।
सिनेमा जस्तो खेलना गर्छ जगत जमाई ॥६॥
ब्रह्माको काम उत्पत्ति गर्ने विष्णुको पालने ।
शिवको काम गरेर लय आफैंमा मिलाउने ॥७॥
जगत रची उपर वसी तमासा देखाउने ।
एकै छ तत्व मायाले सारा खेलना खेलाउने ॥८॥

पं. जयदेव अधिकारी

१ त्रिगुणा त्रिकामाया २ जगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—: अथ ब्रह्म खण्ड :—

॥ १ ॥

पितालाई गरे ढोग पितामह परै रहे ।
उनलाई गरे मान प्रपितामह नै छुटे ॥
उनलाई गरे ढोग माथिका वांकि नै रहे ।
सवले मानिने एक ॐ पर ब्रह्मणे नमः ॥

॥ २ ॥

मायामयी संसृतिको प्रणाली ।
जो देखि निस्कन्छ अनर्थ कारी ॥
त्यो ब्रह्म जान्ने जन मात्र खास ।
आनन्दले हेर्छ जगत विकास ॥

॥ ३ ॥

चैतन्यले पूर्ण जगत छ कस्तो ।
भूतादिले भौतिक देह जस्तो ॥
त्यो नाशिदा चेतन निर्विकार ।
देखिन्छ यस्तो महिमा अपार ॥

॥ ४ ॥

विज्ञानमा सफल इन्द्रिय पांच हुन्छन् ।
पांचै पृथक प्रकृतिका गुणलाई चिन्छन् ॥
जो कालको विषय हो मनगम्य हुन्छ ।
त्यो देखि ऊ उपर अज्ञ सदा रहन्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ५ ॥

शब्दादि जो विषय इन्द्रिय ज्ञान गर्छ ।
त्यस्को विवेक जति हो मनवाट हुन्छ ॥
निश्चिन्त भो मन भने सब तो विकाम ।
हुने हुदा छ सबमा मन मुख्य जान ।

॥ ६ ॥

दौड़न्छ यो मन सदा विषय प्रदेश ।
अड़दैन एक पल निश्चलता लिएर ॥
सानो छंदा पनि महा अण घुसेको ।
ठूलो हुदा पनि विराट भरि नै पसेको ॥

॥ ७ ॥

प्राणी साथ शरीर भित्र मुटुको क्वै कल्पनाले गरी ।
त्यो हो पङ्कज भन्दछन् मुनिहरू उस्तै हुनाले गरी ।
यस्तो आसनमा बसी प्रकृतिका पाएर ती साधन ।
ईशानु ग्रहवाट विश्व रचना गर्दोछ साधारण ॥

॥ ८ ॥

प्रकृति हो सगुणा अनि निर्गुण ।
पुरुष मेल हुंदा उसले संग ॥
सगुण निर्गुणको भई मिश्रण ।
जगत वन्न गयो जड चेतन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ९ ॥

जडमयी प्रकृति संग चेतन ।
पुरुषको भई मेल विलक्षण ॥
अनल मिश्रित लोह निदर्शन ।
जगत बन्न गयो जड चेतन ॥

॥ १० ॥

प्रकृतिका गुण यी जड छन सदा ।
पुरुष निर्गुण शुद्ध छ त्यो प्रभा ॥
मिलन यी दुइको हुनगो जब ।
जगत बन्न गयो जड चेतन ॥

॥ ११ ॥

जगत यो सब हो गुण मिश्रण ।
उस विषे चितिको पनि चेतन ॥
मिलि दिंदा हुनगो उसले मम ।
जगत बन्न गयो जड चेतन ॥

॥ १२ ॥

जगत नाशिन जान्छ प्रतिक्षण ।
पुरुष नित्य रहन्छ सदा दिन ॥
प्रकृतिको नभई सुविवेचन ।
पुरुष चिन्न सकिन्न कुनै दिन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ १३ ॥

प्रकृति पुरुषको भई मिश्रण ।
सब छ यो जगतैं जड चेतन ॥
जगत दृश्य रहन्छ जहां तक ।
परमदी पक त्यो छ प्रकाशक ॥

॥ १४ ॥

आकाश सर्वत्र गभीरताले ।
देखिन्छ नीलो अगमै हुनाले ॥
त्यस्तै छ त्यो निर्गुण ईश खास ।
देखिन्छ हेर्दा गुणले विशिष्ट ॥

॥ १५ ॥

निर्द्वन्द्वताले मन शुद्ध पारी ।
विचार गर्दै यदि हेर्न थाले ॥
देखिन्छ आत्मा गुण देखि पारी ।
प्रपञ्च सारा उस देखि वारी ॥

॥ १६ ॥

गिलास जस्तो उसभित्र दीप ।
देखिन्छ हेर्दा उसकै स्वरूप ॥
त्यो शुद्ध आत्मा छ प्रपञ्च भित्र ।
प्रपञ्चकै रूप प्रकाश चित्र ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ १७ ॥

जागा हुँदा स्वप्न सुषुप्ति कालमा
साक्षी भई नित्य रहन्छ साथमा ॥
बन्छन् अवस्थात्रय बुद्धिमा सब ।
अलग्ग आत्मा सबको प्रकाशक ॥

॥ १८ ॥

जो काल कर्म दुइलाई लिएर साथ ॥
निस्क्यो विराट प्रकृति मिश्रण बीजबाट ।
हो ब्रह्मबीच र अहंकृति रुप काल ।
उत्पत्ति नाश सबको बुझ कर्म चाल ॥

॥ १९ ॥

ज्ञानेन्द्रियै पूर्ण छंदा छंदै पनि ।
कम्ती भए ज्ञान विचारमा उनी ॥
भित्री न भै इन्द्रिय दृष्टि बाहिर ।
छांदा सदा मानिस हेर आखिर ॥

॥ २० ॥

हुन्छन जहां तक यिनी सब भोग मस्त ।
बन्छन् त्याहांतक सबै नियमादि ध्वस्त ॥
छैनन् जहां तक यिनै नियमादि पुष्ट ।
हुन्नन् त्यांहातक उनी सब भोग तुष्ट ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२१॥

पैले थियो जो पछि हुन्छ त्यो यही ।
नाना थरी देखिन जान्छ बीच मै ॥
हिउँ तुषारो अखिनाहरु सब ।
हुन् खाला एकै जल भित्रका लव ॥

॥२२॥

चैतन्यको भास्वर तेजलाई ।
ढाकीदिंदा त्यो तम सामु आई ॥
बिसँर आफ्नो महिमा अपार ।
दुःखी भई घुम्दछ वारवार ॥

॥२३॥

पैले थियो जो निज बोध रूप ।
अबोधमा लट्पटिएछ खूप ॥
आफ्नो महान् रूप भुली तमाम ।
गर्दोछ निर्धो अणुमा प्रणाम ॥

॥२४॥

माटोविषे रोपि दिदा सुबीज ।
उम्रन्छ दूबा भई सर्व चीज ॥
जडै मिलेको जड बस्तु बाट ।
को गर्छ त्यो कार्य अहो उदेक ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२५॥

टूसो बनाईकन सुस्त सुस्त ।
गर्दिन्छ उस्को तनु तन्दुरुस्त ॥
टूसो महान्मा परिणाम गर्ने ।
त्यो कालहो रूपहरू बदल्ने ॥

॥२६॥

काल चक्रका धारमा परी ।
काटिंदा सबै सर्वदा मरी ॥
जान्छ जानता जानुहो कता ।
जन्मली यही हुन्छ वेपता ॥

॥२७॥

हुनत यो थियो चित्स्वरूपको ॥
प्रकृतिमा फसी बिर्सि पो दियो ।
हुनत के थियो बिर्सि जानु यो ॥
त्रिगुणको महान् कार्य देखियो ।

॥२८॥

चार शीर्षको कल्पना गरी ।
बुद्धि चित्त हंकार हृत् भनी ।
लोक सृष्टिका निम्ति ईशको ।
मूर्ति कल्पना हुन्छ वेशको ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ २९ ॥

जबत भुल्न गो आत्म रूप नै ।
तबत यो पन्यो मोह बन्धनै ॥
अनि मदै चढ़ी घोर दुःखले ।
घेरिंदो भयो चार तर्फ नै ॥

॥३०॥

ती दुवैं हुनन् मधु र कैटभ ।
भन्दछन् मुनि ज्ञानले सब ॥
अतिवली हुंदा बिष्णु देखिनै ।
जन्मको भयो यै प्रमाण नै ॥

॥३१॥

विष्णुले जिते ती दुवै जन ।
धेर वर्षको युद्ध भै कन ॥
धेर जाललै गुप्त चाललै ।
ती दुवै मरे विष्णु हातले ॥

॥३२॥

मेद फैलिदा मेदिनी बन्यो ।
हाडमासुले पर्वत बन्यो ॥
रोम केशको त्यो समूहले ।
वृक्ष औ लता झारपातभो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३३॥

अब जता तनै माद मोहको ।
रूप झन बढ़ी लोक ढाकियो ॥
मोह मादमा मस्त भै कन ।
ज्ञानको गयो चम्किलो पन ॥

॥३४॥

सूर्य देखिनै मेघ जन्मियो ।
मेघ बढ़न गै सूर्य ढाकियो ॥
ब्रह्म बाट ज़ो लोक बन्न गो ।
लोक जन्मले ब्रह्म ढाकियो ॥

॥३५॥

मेघ रूप ती माद मोहका ।
जालमा फसी ज्ञान नाशिदा ॥
ढाकिने त ऊ छैन तै पनि ।
लोक दृष्टिमा ढाकियो पनि ॥

॥३६॥

आकाश सर्वत्रछ पूर्ण रूप ।
हो ब्रह्मको यो पनि रोम कूप
यो भित्र सूर्यादि अनेक लोक ।
प्रत्यक्ष देखिन्छ विभिन्न रूप ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३७॥

सत्ता मिनेर प्रभुको सत्रमा अपार ।
विश्राम कत्ति नमिली कन वारवार ॥
धक्का नखाई कन कत्ति हरेक वार ।
घुम्दोछ नित्य क्रमले नभमा निहाल ॥

॥३८॥

चिद्रूप सागर विषे भुमरी समान ।
घुम्ने विचित्र रमणीय छ काल चक्र ॥
त्यस्तै गरेर उसका पनि काख भित्र ।
त्यो कर्मचक्र पनि फन्फन घुम्छ नित्य ॥

॥३९॥

जो कर्मचक्र ठिक ऊ पिङ हो रोहोटे ।
घुम्दोछ नित्य दिन रात घरी पलाले ॥
त्यस्मा बसेर रहने सब जीव जाती ।
ऊंचो र नीचो गरि गरी कन घुम्छ साथी ॥

॥४०॥

भूलोक व्याड छ यहां सब कर्मबीज ।
रोपेर उम्रन गए अरु लोक बीच ॥
बीजानुरुप उसमा फलफल्न जाने ।
तस्मात नरोप अब बीज याहां विकामे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४१॥

आकाश वायु अनि तेज र वारि१ भूमि।
हुन्छन् क्रमैसित सहस्र गुणा घटी यी॥
प्राणीहरु जति हुनन् यिनमा वसेका।
यस्तै तिनी पनि सहस्र गुणा खसेका॥

॥४२॥

जो हो असत्य बुझ देखिन जान्छ सोही।
त्यो सत्य चाहि किन देखिन जान्छ खोई॥
देखिन्न राहु नभमा भई विद्यमान।
देखिन्छ वारि नहुंदै मृग तृष्णिकामा॥

॥४३॥

यो हो चराचर सबै प्रभुले रचेको।
यो भिन्न वाहिर सबै छ उही बसेको॥
सत्वादि यी प्रकृतिका गुणले विभिन्न।
देखिन्छ खास सब यो अरुता बुझिन्न।

॥४४॥

उत्पत्ति नाश सबको हर एक बार।
देखिन्छ एक रति छैन सखेउ वार॥
चांडो ढिलो क्रम संगै सब बन्छ कार्य।
सारा अनित्य बुझिनेछ गरे विचार॥

१-पानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४५॥

ग्रिपी

यसरी विषे रजत औ मृगतृष्णिकामा ।
पानी र रज्जुहरुमा पनि सर्प भान ॥
अज्ञान सम्म रहने उसकै समान ।
संसार सत्य छ जहांतक छैन ज्ञान ॥

॥४६॥

छदैंन त्यो रति कपास नकात्छ धागो ।
चोदैंन कत्ति अरुको पनि माल नास्रो ॥
गर्दैंन काम किन बेचहरू कदापि ।
चर्खा मिसीन पनि छैन छ कीट जाति ॥

॥४७॥

ऊर्णा झिकेर मुख देखि यथेष्ट धारा ।
सफा बनाई पुरले भरि जाल सारा ॥
क्रीडा गरेर उसमा मृदु ऊर्णनाभि ।
आखिर लिन्छ निज देह विषे छिपाई ।

॥४८॥

चिरेर हेरे पनि पेट सारा ।
देखिन्न लट्टी उसमा न धागा ॥
द्वैतादिको खण्डन् बेस बात ।
हे मित्र हो तत्वमसीति जात ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१४६॥

छन एक यी चन्द्र तथापि हेर।
हेर्दै रहेमा द्विविधा भएर ॥
देखिन्छ कैले उसमा विछिन्न।
झल्किन्छ चित्मा पनि भास भिन्न ॥

॥१५०॥

श्री सूर्यको तेज र सूर्य भित्र।
जो भेद छैन भव ईशको छ ॥
चैतन्यको यो चिद चित्स्वरूप।
सम्झेर यो तात्विक हुन्छ चूप ॥

॥१५१॥

सुनका गहनाहरू हुंदा ।
उनका नाम र रूप छन जुदा ॥
परिणाम विचारले कुनै ।
रहने छैन सखे ! विना सुनै ॥

॥१५२॥

पहिले जुन वस्तु हो मही।
पछि गै आखिर वन्छ त्यो उही ॥
उपमा असिना घटादिमा ।
जान्ने ब्रह्म छ यो त्रिकालमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—: अथ प्रकृति खण्ड :—

॥१॥

माया अविद्या दुई नाम वाली ।
त्यो ईश छाया छ विछट्ट जाली ॥
माया तनूजे१ पहिले फुल्याई ।
दिन्छे अविद्या तनुजे भुल्याई ॥

॥२॥

माया छ ऐना सरि शुद्ध सुन्दर ।
यो भिन्न देखिन्छ विशुद्ध तम्बिर ॥
मैली अविद्या मलि नै गराउँछे ।
चित्मा अचित्भाव मिलाई दिन्थे ॥

॥३॥

माया सती भैं छ पुरूष वश्या ।
अर्की अविद्या वुझ खास वेश्या ॥
चिद्रूप२ माया पतिमा छ बोध ।
छ खास वेश्या पतिमा अबोध ॥

॥४॥

स्वाधीन माया पति सर्वदा छ ।
दोश्रो पराधीन सदा रहन्छ ॥
सर्वत्र माया पति राज गर्छ ।
मानिन्छ वेश्यापतिको कुकाज ॥

१ शरीर, २ चेतनरूप ३ जीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥५॥

त्रैलोक्य मायापतिका अधीन छ ।
देहै अविद्या पतिको विकाम छ ॥
सर्वत्र मायापतिलाई ज्ञान छ ।
अल्पज्ञ दोश्रो पशुले समान छ ॥

॥६॥

पत्नी छ आफ्नी जसकी पतिव्रता ।
अधीन बन्छन् सब लोक देवता ॥
हुन्छन् उसैका मन माफिका क्रिया ।
त्यस्तै छ पत्तीव्रतको पुरा कथा ॥

॥७॥

पत्नी घरैमा जसकी छ चण्डी ।
हुदैन होसै उसका अधन्नी१ ॥
बिहोसले त्यो जति काम गर्छ ।
फल्दैन रित्तो अलपत्र पर्छ ॥

॥८॥

सम्पूर्व सम्यक सरतीति सार२ ।
धात्वर्थले देखिन गो असार ॥
असारको आश गरेर धेर ।
वस्ता स्वयं जीवन जान्छ खेर ॥

१ आधा आना । १ संसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥९॥

अनेक जन्म पछि यो नर जन्म वेश ।
पाइन्छ पुण्य गुणका फलले विशेष ॥
यस्तो सचेत जुनि सित्ति गुमेर जादा ।
त्यो अन्धकार पथको२ हुन गो फिरन्ता ॥

॥१०॥

बूढो हुँदै जति गयो विषयानु रक्त ।
झन्झन् हुने अधिक लम्पट भोग मस्त ॥
होशै गुमेर बिचरो करमा परेछ ।
बूढो जवान वल भित्र दवीरहेछ ॥

॥११॥

बूढो हुँदा मनुजका किन इन्द्रियादि ।
हुन्छन् अचानक कठै निज भावखालि ॥
वन्दोछ देह यिनको घर यो पुरानो ।
यी देव हुन मनुज आयु छ हद्द सानो ॥

॥१२॥

धेरै भए सय शरद यदि वाचिएमा ।
निद्रा र रोग भय दैन्य कुसङ्गतैमा ॥
त्रिभाग नष्ट हुन जान्छ र एक भाग ।
स्त्री पुत्र वित्त गृह चिन्तनले छ खाग ॥

२ बाटो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१३॥

जो काम क्रोध मद लोभ र मोह डाह ।
छन् शत्रु यी मनभरी जसका अथाह ॥
कस्तै अजङ्ग वलवान् पनि गिर्छ नित्य ।
तस्मात् नराखन यिनीहरुलाई साथ ॥

॥१४॥

शिकार खेल्नु अरुको वकवाद गर्नु ।
रक्सी पिई दिन भरी भइ मस्त सुत्नु ॥
स्त्रीमा हिंसिक्क हुनु खेल्नु जुवा र नाच्नु ।
व्यर्थै घुमी रहनु कामुक चिन्ह जान्नु ॥

॥१५॥

चुक्ली र ईर्ष झगडा गुणलाई दोष्नु ।
झुक्याइ सित्ति अरुको धनमाल खोस्नु ॥
बोल्ने कठोर अनि दण्ड दिने अनर्थ ।
गर्ने कुकर्म रिसका पनि छन सहाय ॥

॥१६॥

जो काम क्रोध सुत साथ सदा लिएर ।
यो लोभ वस्छ जनका मनमा गएर ॥
मात्सर्य मोह मद रूपहरू लिएर ।
सन्सारका पशु नचाउँछ वारवार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१७॥

कामी मरे पछि यहाँ हुन जान्छ अश्व ।
जो क्रोध मूर्ति पछि गोमन बन्छ सर्प ॥
लोभी गिरेर पछि कुक्कुर रूप बन्छ ।
दुष्कर्मका कर परी अरु योनि लिन्छ ॥

॥१८॥

त्यो मोहमा फसि मरे हुन जान्छ वृक्ष ।
मद्ले गिन्यो यदि भने गज रूप बन्छ ॥
मात्सर्यमा फसि मरे जनना स्वरूप ।
पैले भई पछि गई अरू रूप बन्छ ।

॥१९॥

यो चालले सकल जङ्गम योनि जाति ।
फन्का दिएर पछि थावर योनि माथि ॥
घुम्दै गएर पछि पर्छ विपत्ति भित्र ।
चौरासी लाख जुनि भोग्नु छ यो विचित्र ॥

॥२०॥

चौरासी लाख तक हो मुनिले कहेको ।
प्रत्यक्ष जाति जतिको गणना भएको ॥
यस्ता अनन्त कति छन् अरु जीव राशि ।
धाएर सक्नु कसरी मन रुन्छ साफि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२१॥

आमा र बाबु दुइको रजवीर्यबाट ।
प्रारब्ध कर्मसंग भौतिक बन्छ देह ॥
यो पिण्ड धेर दिनमा भइ तन्दुरुस्त ।
जन्मन्छ बीज जनुरूप लिएर सुस्त ॥

॥२२॥

जन्म्यो जसै विषयका सुख दुःख सारा ।
पछ्न कठोर दिन रात विपत्ति धारा ॥
छन शोक रोग भय दैन्य बुढ्याई भिन्न ।
यो देह साथ रहने सब कर्म चिन्ह ॥

॥२३॥

पैले शरीर कन निर्भय भित्र देऊ ।
त्यस्का पछाडि विषयादिक भोग लेऊ ॥
नांही त सर्प मुखको उस भ्यागुताले ।
छन् तुल्य हेर विषयादिक भोग बाले ॥

॥२४॥

को बाचने छ ? विषयानलमा फसेको ।
जस्तो कि पूर्ण विष गोमनले डसेको ॥
जो दुःख भोग्छ जन गोमनले डसेको ।
सो दुःख भोग्छ विषयानलमा फसेको ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२५॥

क्रयै पक्षपात नलिई कन एक नाश।
गर्दिन्छ काल गतिले सबको विनाश॥
हो मुख्य शत्रु सबको उही एक काल।
दोषी त छैन उसमा समको छ चाल॥

॥२६॥

आगा विषे परि गए रहंदैन केही।
जो जोगिनेछ उसदेखि त बच्छ सोही॥
पर्छन गएर मुखमा उसका विहोशी।
होशीहरू बचिगए किन गिर्दथे ती॥

॥२७॥

देहै निमित्त जन गर्छ कुकर्म धेर।
यो देह नश्वर सदा रहदैन हेर॥
जो कर्म गर्छ यसले सुख दुःख दाता।
सो कर्म बन्छ पछिका जुनिको विधाता।

॥२८॥

प्रत्यक्ष नै छ बुझलौ यसमा प्रमाण।
जो रोप्छ धान उसको पछि मिल्छ खान॥
रोप्दैन जो जन याहां रति धान खेत।
त्यस्ता गृहस्थ कन मिल्छ कि? खान भात॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२९॥

चाहन्न कोहि पनि दुख हवोस् भनेर ।
त्यो भोग्छ दुःख करले वहुभांति हेर ॥
त्यस्तै स्वरूप सुखको पनि हेर भाई ।
जो छैन इच्छुक उसै कन मिल्छ आई ॥

॥३०॥

स्त्री पुं प्रसङ्ग सुखदायक पो छ मुख्य ।
स्पर्शादि मर्म रति केलि कटाक्ष युक्त ॥
सानन्द हो गरि दिने दिलनै मिलेको ।
आखिर पर्छ दुःखमा सुख भन्नु के त्यो ॥

॥३१॥

पल्को सकेर विषयादिक भोग देखि ।
फिर्दैन कत्ति पनि चित्त वनी विवेकी ॥
वत्ती जलाउँछ तथापि नहानि फाल ।
फिर्दैन कत्ति पुतली पनि कोही काल ॥

॥३२॥

जो मग्न हुन्छ रसका वशमा परेर ।
त्यो नाशिने छ भमरा सरिको भएर ॥
आशक्त हुन्छ जव स्पर्श विषे भुलेर ।
त्यो मासिने छ गजले सरिको भएर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

॥३३॥

पञ्चाविषे कुक्कुरका परेर ।
मीगैं सरी होश गएर खेर ॥
भुल्दा यहां शास्वत सत्य एक ।
पाशो परो मर्न गए अनेक ॥

॥३४॥

वस्छी नजानी कन गन्ध लोभी ।
माछो मरे झैं गरि अन्ध भोगी ॥
घ्राणेन्द्रियैका वशमा परेर ।
मुर्दा हुँदा छन् नअघाई हेर ॥

॥३५॥

एकैक मात्र पनि यो बिषयानुराग ।
गर्दिन्छ खास जन जीवन सर्वनाश ॥
यी पाँच कै जन छ जो वशमा भनेत्
के भन्नु पर्छ सबको हुन जान्छ दाश

॥३६॥

खोजी मरे विषयमा सुख छैन काँही ।
स्वर्गै पुगे पनि फिरिन्छ तुरुन्त याँही ॥
सन्तुष्ट भो मन भने उहि वन्छ स्वर्ग ।
सन्तोष छैन यदि त्यो नरकै ठहर्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती स्वर्ग नर्क सुख दुःखहरू जति छन् ।
पक्का विचार मनका सब खेल हुन्छन् ॥
सन्तुष्ट भो मन भने सब थी हराए ।
सन्तुष्ट हुन्छ मन राग र द्वेष त्यागे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ उत्तरार्ध कर्म खण्ड

॥१॥

मुक्ति का बाटामा मायाको तघारो ।

सच्चिदानन्द राज्यमा जान किल्ला करोडन ।
मायाका रूपछन सारा दुर्गा भन्छन चनीकन ॥

॥२॥

माया का रूप

मायाका रूप हुन जाया पुत्र वित्तादि छन् जति ।
मुख्य आफ्नो शरीरै हो जसका निम्ति छन् प्रिय ॥

॥३॥

जड़चेतन रूप

सच्चिदानन्द आत्मा हो देहादि जडछन् सब ।
जडको नाशले के यो आत्माको नाश हुन्छ र ?

॥४॥

मेल

आगो पानी सरी मेल यिनमा हुन्छ बाहिर ।
साच्चै विचारी हेर्दामा भित्र के मेल हुन्छ र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥५॥

विरोध

आत्मा हो अग्निको रूप पाएसम्म जलाउँछ।
मायाको रूप पानी हो पाएसम्म निभाउँछ॥

॥६॥

मेल

दुवैको मेल गर्नामा कर्मरूप छ वर्तन।
त्यसकै आडले गर्दा सृष्टि चल्छ निरन्तर॥

॥७॥

कर्म, मन

सृष्टि गर्छ मनै कर्म कर्मानुसारकै मन।
हुन्छ यी दुइको भिन्न परस्पर निवन्धन॥

॥८॥

कामादिको उत्पत्ति र काम

काम क्रोध तथा लोभ मनका शत्रु छन् यिनै।
जन्मे यिनी मनैदेखि वश गर्छन् उसै कन॥

॥९॥

सङ्गतका फल

कृतघ्न छन् यिनी पापी यिनकै सङ्गले जन।
ससार चक्रमा फिर्छन् दुख भोगी बनी कन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१०॥

हेर संगले गर्दा शुगा छन कति पण्डित ।
भए ती पशुले तुल्य कुलीन कति मानिस ॥

॥११॥

अरूका भरमा पर्ने राजा विग्रे सरी गरी ।
मनका भरमा पर्दा आत्मा विग्रन्छ वेसरी ॥

॥१२॥

मन शुद्धिमा योग आवश्यक

छंदै काष्ठादिमा आगो नमथी नहुने किन ?
योगाभ्यास नभै त्यस्तै हुन्न शुद्ध कसै मन ॥

॥१३॥

बन्धनका हेतु

मन शुद्ध नभै हुन्न सदसत्को विवेचन ।
विवेक हीनता नै हो संसारी दृढ़ बन्धन ॥

॥१४॥

शत्रु मित्र

मनै हुन्छ महान् शत्रु विषयादिकमा रत ।
वही हुन्छ सखा खास आत्म चिन्तनमा रत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१५॥

निष्काम कर्म र मन

मन हुन्छ सदा शुद्ध निष्काम कर्मले गरी ॥
मन शुद्ध नभै हुन्न निष्काम कर्म त्यै गरी ॥

॥१६॥

मनका भेद

मनका रूप छन चार वृत्तिका भेदले गरी।
मन बुद्धि अहङ्कार चित्त भन्छन सदा मुनि ॥

॥१७॥

मनयो संशयात्मा छ बुद्धि हो निश्चयात्मिका।
अहङ्कर्ता अहङ्कार चित्त हो चेतनात्मक ॥

॥१८॥

अन्तः करण

थी चारै तत्वले बन्छ अन्तः करण संज्ञक।
वासनात्मा छ यो नित्य पूर्व कर्माधि वासित ॥

॥१९॥

जीवात्मा

जीवात्माको मुख्य सत्ता यसमै गर्छ निर्भर।
जीवात्मा परमात्माको प्रतिविम्ब भनिन्छ र ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२०॥

वासनाले पराधीन

अनन्त योनिका कर्म वासना वोकी हिड्दछ ।
वासनावद्ध मै नित्य पराधिन हुँदो छ ऊ ॥

॥२१॥

पाप पुण्य सुख दुख

कर्मकै करमा पर्दा पाप पुण्य कमाउँछ ।
पापले दुःख भोगेर पुण्यले सुख भोग्दछ ॥

॥२२॥

जन्म मरण

जन्मन्छ मर्छ कर्मैले कर्माधीन छ यो सव ।
खुसीले गर सत्कर्म फलाधीन नभै अव ॥

॥२३॥

निष्काम कर्म

फल हो ईश्वराधीन छैन मेरा अधीनमा ।
शास्त्रोक्त विधिले कर्म गनु मेरा अधीनमा ॥

॥२४॥

यस्तो विचार राखेर गर्ने काम निरन्तर ।
जनमा पाप पुण्यैले वाधा के गर्न सक्छ र ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२५॥

निष्काम कर्मको महत्व

ईश्वरार्पण जो गर्छ गरेका कर्मको फल ।
गरेका कर्म बाधाले बाध्य यो किन हुन्छ र ? ॥

॥२६॥

चित्तशुद्धि

यस्तो विचारले कर्म गर्दै जांदा निरन्तर ।
वासना भाव भै वन्छ अन्तस्करण निर्मल ॥

॥२७॥

आत्मानुभव

अनि त्यो शुद्ध ऐनामा वस्तु झल्के सरी गरी ।
वल्ल यो चित्तले गर्ला आत्मानुभव वेसरी ॥

॥२८॥

शान्ति

अन्तस्करणमा मिल्ला जब शान्ति सधैं भरी ।
पुरला त्यो सच्चिदानन्द राज्यमा खुसीले गरी ॥

॥२९॥

मोक्ष

त्यो फर्कदैन अब यो दुःखका भुँवरीतिर ।
मन शान्त भएको यो अवस्था हो निरन्तर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३०॥

जीवले परमात्माको श्वासोछ्वास प्रकारले।
संझना नित्य नै गर्छ सोऽहंहंस स्वरूपले॥

॥३१॥

अजपा यसको नाम मन्त्रराज छ यो सुन।
प्राणीमा यो स्वभावैले जप हुन्छ निरन्तर॥

॥३२॥

जाने मोक्ष दिने साक्षात नजाने फल सित्तिगो।
अजपा नाम गायत्री मुनीनां मोक्ष दायिनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"विवेक"

॥१॥

बाल व्यवहार

गरें बालकमा मोज पिताका काखमा वसी।
उसमा नै थियो मोज शुद्ध थ्यो चित्तको स्थिति॥

॥२॥

थिएनन् शत्रुता कोही थिए मित्र सबैतिर।
खेलमानै थियो चैन वोझा केही थिएन र॥

॥३॥

भोकायौ बाबुलौ खाऊ थाके हौ खेल धेर मै।
माताको लाल्य यो धेर पाइन्थ्यो वेर वेर मै॥

॥४॥

बाबु पढ़ उसै काल नफाल खेल वाडमा।
गएको काल यो फर्कि आउँदैन कुनै दिन॥

॥५॥

यो मान्य जनको अर्ति विष हुन्थ्यो सधै भरी।
गएछन् दिन ती सारा खेलका चैनमा परी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥६॥

ब्रह्मज्ञकै थियो चाल जगत खेल थियो सब ।
साथी सब थिए वाल मन मिल्थ्यो सबै सित ॥

॥७॥

माटा ढुङ्गा तथा वुङ्गा थिए ती खेल साधना ।
जो थियो भात त्यै दाल तर्कारी व्यञ्जन दिक ॥

॥८॥

भ्याण्टा थिए चरा माछा भेड़ा बाख्राहरू सब ।
थिएन चीज क्यै खाँचो दिन्थिन प्रकृतिले सब ॥

॥९॥

निन्दा स्तुति थिए एकै जाड़ो गर्मीहरू सब ।
थिएनन् खेलमै मस्त थियो चित्त निरन्तर ॥

॥१०॥

रात वा दिन नै होस पाए खेल्न पुगो सब ।
भोक तिर्खा उसै वेला हुन्थ्यो खेल सक्यो जब ॥

॥११॥

यौवन

वाल्यकाल गयो यस्तै यस्ता आनन्दका संग ।
अनि आयो युवावस्था गोलमाल मचाउँन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१२॥

कामका ती मुना फैल्ने चारै तर्फ फिजी कन।
सुखका सपना आए राम्रा राम्रा बनी कन॥

॥१३॥

विषयैका मुना खोजी थाले हिडन जति जति।
भाग्यले ती मुना साफी मासि दिन्थ्यो उति उति॥

॥१४॥

कामको जो थियो बीज रोपेको पूर्व जन्मसा।
फैलियो त्यो याहां आई लाग्यो खोजन साधन॥

॥१५॥

निरोगी म रहुँ नित्य विद्यावान् धनवान् पनि।
मान्य गण्य सदामै हुँ परुन मेरा सबै मुनि॥

॥१६॥

भूलोकमा भएसम्म रत्न राशीहरू सब।
अधीनमा रहुन् मेरा म बनौं अजरामर॥

॥१७॥

मनका रथमा चढ़दै जान्थे आकाश मार्गमा।
बन्थे नहुसले तुल्य ज्वुदै राजा म स्वर्गमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१८॥

स्वर्गका अप्सरा सारा ऊर्वश्यादिहरू सब ।
भोगले नअघाएर पुगे जो इन्द्रका घर ॥

॥१९॥

त्यो वेला स्वर्गका राजा बस्थे मानसरोवर ।
ब्रह्म हत्या थिई वैरी पर्दथ्यो उसको डर ॥

॥२०॥

इन्द्राणी अब मेरी हुन् भन्ने राजा झरे तल ।
कैले नभरिने पेट वनमा भो अजिङ्गर ॥

॥२१॥

घिउले अग्निको चाल लिने चित्त निरन्तर ।
जति पायो अझै बढ़दै झन्झन वन्दछ लम्पट ॥

॥२२॥

वृद्धता

बाल्य गो लाल्याका साथ यौवनै युवती संग ।
आयो वृद्धपना ऐले तृप्त छैन अझै मन ॥

॥२३॥

एक साठी बिते वर्ष पशुकै व्यवहारले ।
तकना गर्छ यो चित्त धनकै अझ चाखले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२४॥

कान मेरा भए वैरा आंखा यी मधुरा भए।
वांकि इन्द्रियका काम अझ कच्चा हुंदै गए॥

॥२५॥

चाङरी पर्नगो सारा हृष्ट पुष्ट शरीर यो।
ऐना हेर्न मनै छैन हेरे चित्त भरङ्ग भो॥

॥२६॥

जानेको विसियो होश छैन एक रति पनि।
जति बोल्यो सबै विर्स्यो संझना छैन क्यै पनि॥

॥२७॥

राखेको ठाउँ विसेंर खोजी गर्छु दिनै भरी।
चोरचोकि अरुले भन्ने शंका गर्दछु वेखरी॥

॥२८॥

आत्मज्ञान गरौं भन्ने आशा पनि म गर्दछु।
पत्ता केही नलागेर विषयैतिर ढल्दछु॥

॥२९॥

आफूभन्दा धनीदेखि मन सित्ति डराल्दछु।
मृग तृष्णा सरी तृष्णा फैलाएर म घुम्दछु॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३०॥

धन ज्ञान दुवै तर्फ आशा पनि म गर्दछु ।
अन्त्यमा भृगतृष्णामै घुम्दा घुम्दै म मर्दछु ।

॥३१॥

चिन्तन

सन्मार्गको अरूलाई उपदेश म गर्दछु ।
कुमार्गमा धसिएको आफूलाई म ठान्दछु ॥

॥३२॥

आशाको पाशले साफी बांधिएको म मान्दछु ।
आशा आकाशमा घुम्दै निराशा पनि वन्दछु ॥

॥३३॥

आशाको डोरीमा झुण्डी रहेको जीव नै पनि ।
वसैका साथमा जाला पाताल तलका मुनि ।

॥३४॥

आशा यो ईशमा लागे दुःख छुटथ्यो सधैं भरी ।
विषयैको दुराशाले शान्ति मिल्ला र के गरी ? ॥

॥३५॥

तैपनि तर्कना यस्तै गर्दै जांदा कुनै दिन ।
चित्तले चेतना लेला सदसत्को विचारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३६॥

अनि सज्जनको संग तथा सत्शास्त्र चिन्तन ।
हमेशा गर्नमा लागे मिल्ला शान्ति कुनै दिन ॥

॥३७॥

अन्न बस्त्रादि जे छन् ती भोग्य वस्तुहरू सब ।
प्रारब्धाधीन भै मिल्छन् चिन्ता के तिनमा छ र ॥

॥३८॥

तस्मात् चिन्ता पराधीन हुँदै काल नफालुम ।
फालिने होत आत्माकै चिन्तामा काल फालुम ॥

॥३९॥

प्रारब्धका अगाडी ती ब्रह्माको पनि भाउ के ?
प्रारब्धाधीन भै घुम्छ विश्वै विविध रूपले ॥

॥४०॥

व्यवहार परी आए गर्नै पर्छ गर्नता ।
तर चित्त दिए पुग्छ आत्म चिन्तनमा सदा ॥

॥४१॥

शास्त्रोक्त विधिले काम गरे पाप त छैन है ।
तर चित्त दिए पुग्छ आफ्नो नित्य स्वरूप मै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४२॥

सबभन्दा बढ़ी राम्रो उपाय आत्म चिन्तन।
मनले संझना मात्र गरे पुग्छ सदा दिन॥

॥४३॥

हेर्दा खांदा तथा बस्ता उठता सुत्ता हिडे छंदा।
दिउं ध्यान सदा सच्चा आफ्नो नित्य स्वरूपमा॥

॥४४॥

म को हुँ र कहांदेखि आएँ जन्म लिएं किन?।
को हुन माता पिता मेरा गनुं मैले छ के अब॥

॥४५॥

माता पिता दिदी बैनी दाजू भाईहरू सब।
कहांबाट भए भेला कहां जान्छन् तिनी अब॥

॥४६॥

सुख दुःख दिने को हो कसका यी अधीन छन्।
किन यो लोकमा आई प्राणीलाई सताउँछन्॥

॥४७॥

कस्तो छ यिनको रूप, कसदेखि भए यिनी।
कहांसम्म रहन्छन् यी नाशिन्छन् के गरे हुँदी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४८॥

यस्तो विवेकले हेर्दै अनाशक्त बनी कन ।
हिडला जो घुरुछ त्यो पारी भवसागरका जन् ॥

॥४९॥

मेरो शरीर यी मेरा इन्द्रयादिहरू सब ।
प्राण यो मन हो मेरो मेरो बुद्धि अनन्तर ॥

॥५०॥

अहङ्कार छ यो मेरो चित्त मेरो भनिन्छर ।
मेरा यी सब हुन् को हूँ भलाई मत जान्दिन ॥

॥५१॥

पैला महो जीव तत्व त्यो छ प्राणी विषे पृथक ।
दोश्रो महो ब्रह्मतत्व त्यो छैन सबमा पृथक ॥

॥५२॥

एकै महाकाशका ती घटाकाशादि भेदछन् ।
हुँदा घटादिको नाश भेदसारा हराउँछन् ॥

॥५३॥

त्यस्तै उपादिको भेद हुँदा जीव अनेक छन् ।
उपादिको हुँदा नाश ब्रह्ममा सब मिल्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥५४॥

शरीरादिहरू सारा जीवका यो उपाधि हुन ।
यिनकै भेदले गर्दा जीव राशि अनेक छन ॥

॥५५॥

हावा समुद्रमा चल्दा तरङ्ग कति उठदछन ।
हावा बन्द हुन साथ त्यसमै ती विलाउछन ॥

॥५६॥

उत्पति स्थिति औ नाश ब्रह्मको नै विलास हो ।
यस्तो विलास छोडेमा शान्त रूपछ ब्रह्मको ॥

॥५७॥

समुद्र कूपको पानी एकहो तर भिन्न छ ।
ब्रह्म जीव दुवै तत्व एकहो तर भिन्न छ ॥

॥५८॥

माटो घटादिको तत्व एकहो तर भिन्न छ ।
ब्रह्म जीव दुवै तत्व एकहो तर भिन्नछ ॥

॥५९॥

वनवृक्ष दुवै तत्व एकहो तर भिन्न छ ।
घटाकाश महाकाश एकहो तर भिन्न छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥६०॥

ब्रह्म जीव दुवै एक तत्वहो तर भिन्न छ।
समष्टि जीवको राशी ब्रह्म हो व्यष्टि जीव छ॥

॥६१॥

समष्टिहो महाकाश घटाकाशादि व्यष्टि छ।
समष्टि प्राणको राशी वायु हो व्यष्टि प्राण छ।

॥६२॥

समष्टि तेजको राशि सूर्य हो व्यष्टि अग्नि छ।
समष्टि वृक्षको राशि वन हो व्यष्टि वृक्ष छ।
समष्टि जलको राशि समुन्द्र व्यष्टि कूप छ॥

॥६३॥

समष्टि जीव एकै छ व्यष्टि जीव अनेक छन्।
व्यष्टि मर्छ र जन्मन्छ अजन्म त्यो समष्टि छ॥

॥६४॥

यस्तो व्यष्टि समष्टि भेद परदा त्यो ब्रह्म जीवेश्वर
मानिन्थ्यो तर तत्वले बुझिलिंदा के भेद देखिन्छर
सच्चा नै अझ तत्व पूर्वक बुझे ती जन्म मृत्यु पनि
के हुन्थे सब खेलन छ विधिको जादूगरैका सरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥६५॥

व्याधाले चिडिया शिकार गरदा गाडेर कीलाहरू
डोरी टांगिदियो उनेर उसमा पुंग्रा कनीका छरी
चारो खान गए जती सब वसे पुंग्रा घुमे झुण्डिए
आफै वन्धन सम्झँदै सब फसै अज्ञानले ती मरे

॥६६॥

त्यस्तै खेलछ यो तमाम जनता अज्ञानले मर्दछ
मेमे यो नगरी म मात्र समझे आफै उभो सर्दछ
मेहो बोझ तमाम यो जगतको भारी यसैको परि
गिछँन खाडलमा अधो सिर गरी उठ्ने नसक्ने गरी

॥६७॥

अन्तरात्मा महूँ एक सबमा म समान छु।
गरेका कामको माम सबलाई चखाउँछु।

॥६८॥

रोहोटे पिङमा वस्ने जनलाई घुमाउँछु।
आत्तिदै जो पिछा पर्छन उनलाई उत्तार्दछु

॥६९॥

मनै अमर छु एक अरु मर्छन चराचर।
सबाटै सब निस्कन्छ सबाटै वृत्ति पाउँछ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥७०॥

मभन्दा पर क्वै छैन ममानै हुन्छ यो लय
सृष्टिभन्दा अघी मैछु सृष्टिमा पनि एक छु।
महाप्रलयमा मैछु कालको पनि काल छु

॥७१॥

दृश्य प्रपन्च यो सारा स्वपना तुल्य बुझिकन।
ध्यान दिन्छु सदा सच्चा आफ्नो सच्चित् स्वरूपमा

॥७२॥

सच्चिदान्द यो मेरो नित्य आफ्नो स्वरूप छ।
सुखका निम्तिमा के यो वाह्य विषय वन्दछ?॥

॥७३॥

स्त्री पुत्र धन सम्पति मदेखि ती परै रहुन्।
ममै छन सुख सम्पति वरू दिन्छु अरु लिउन्।

पं० जयदेव अधिकारी

हे पूरण परमात्मा, पावन हो जीवात्मा।
विश्व बने धर्मात्मा, हम सब तेरी आत्मा॥
श्री १००८ श्री स्वामी मुनीशानन्द जी सरस्वती

●—●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो राजधानी

॥१॥

श्रीनाथ गौरीश गणेश जी मा।
प्रणाम मेरो रवि चन्द्रमामा।
श्री युक्त मेरा दधि सोमनाथ।
गुरु गरुन मङ्गल बाबु राम।

॥२॥

वेकारमा रङ्ग भङ्गिएर घेर।
अल्पज्ञ मूर्खै सरिको भएर॥
दुश्च तर्कले चित्त हिलो भएर।
मेरा गए चालिस वर्ष खेर॥

॥३॥

पैला दशौ वर्ष अज्ञानमा गए।
दोश्रा दशौ वर्ष त मोजमा गए॥
तेश्रा दशौ वर्ष गएर शोकमा।
चौथा दशौ वर्ष गए वितर्कमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४॥

पूर्वार्धमा मोज गरी भुलेछु ।
त्यो स्वर्गको स्वाद यहीं गुनेछु ॥
उद्योग केही नगरी बितेको ।
त्यो काल गो काख बसी पिताको ॥

॥५॥

माता पिताको जब स्वर्ग तर्फ ।
थियो रमाना हुन केही वर्ष ॥
जेठा पिता साथ म राजधानी ।
पैल्हे पुगेको त्रिस वर्षमाथि ॥

॥६॥

हिमालका त्यो शुभ काख भित्र ।
छ यो सफा शुद्ध पुरो पवित्र ॥
बस्थे तपस्वी अघि धेर आई ।
थिएन आपद यस भित्रलाई ॥

॥७॥

ने नाम एक मुनिले अघि पालिएको ।
नेपाल नाम यसको उसले रहेको ॥
उद्धा भई बरि परी गहिरो छ माझ ।
सांच्चै भनौं अवनिको पनि नाभि खास ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥८॥

जम्मा भई असुरले यसमा नदीका ।
वांधेर वांध वलियो जल रोकि दिंदा ॥
पानी भरी जव भयो वनियो तलाउ ।
उड्यां कि मानसरको पनि मान भाउ ॥

॥९॥

त्रवै काल आई हरिले सव वांध तोडी ।
फोडदा गएछ जल त्यो जलवन्ध छोडी ॥
यो कालसम्म पशुका पति पोखरीमै ।
वस्थेनि मानस सरोवर भित्र जस्तै ।

॥१०॥

जस्तै बराह हरिले अघि दैत्य मारी ।
ल्याए धरा जलधि भित्र डुवी रहेकी ।
मारेर दैत्य सव ती हूद वांध तोडी ।
पारे सफा सफल कान्तिपुरी विजोडी ॥

॥११॥

कैलाश वासी पनि शक्ति साथ ।
लिएर वस्छन् यस भित्र वास ॥
सेवा निमित्तै अति भक्ति साथ ।
गर्छन् यहाँ देवहरू निवास ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।।१०।।

समस्त भूमण्डल भित्र भारी।
पुरीञ्च यो शङ्करको पियारी॥
गरे भने द्रर्शन भक्ति साथ।
ती पाप हुन्छन् जनका सखाप॥

।।१३।।

भूस्वर्गको सकल भास्वर तेजलाई।
नष्टै गरे यवनले निज काल पाई॥
त्यो कालमा रवि कुलाधिप भूप कान्ति।
रक्षा निमित्त रहिछन् अब पूर्ण कान्ति॥

॥१४॥

पालो गरि त्रिगुण चल्दछ एक नाश।
अहर्दैन कत्ति पनि चक्र सरी छ खास॥
त्यो चक्रको क्रमिक कट्टरधार माथि।
पर्दा रहन्छ र सखे कुन एक रूप॥

।।१५।।

कैले तमोगुण बढेर जगत बिकास।
रोकेर गर्छ रजनी सरि अन्धकार॥
त्यो कालमा जय तमोगुण तर्फ हुन्छ।
श्री सूर्य राहु ग्रहमा उपमा दुरुस्त॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥१६॥

सत्वै वढे विमल वैदिक धर्म खास।
वढ़दै गएर सब गछं जगत् प्रकाश॥
त्यो कालमा सकल सात्विक वस्तु जात।
गछंन् तमोभवहरू जतिको विनाश॥

॥१७॥

त्यस्तै रजोगुण वढे तमसत्व जाति।
मासेर हुन्छ सबमा रजकै रजाँई॥
त्यो कालमा प्रवल राजसले सताई।
गर्छन् सवै करपरी उसकै बढाँई॥

॥१८॥

प्राचुर्य रत्नादिहरू भरी छन्।
सेना सबै शिक्षित भै रहन्छन्॥
सामुद्र शोभा कन माथ गर्नें।
देख्तै सबैको मनलाई हर्ने॥

॥१९॥

थी वीरछन् मत्स्य तिमिङ्गि लादि।
जस्ता अहो दुर्धर वैरसादी॥
तूफान जस्ता सब भैरदार।
के गर्दथे ती ईरुको सहार॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२०॥

साम्राज्यवादी सँग मन्त्रणाले ।
थर्काउँछन् राज्य धनी हुनाले ॥
मन्त्री भई भूपति कार्य गर्ने ।
न्यायै छ धर्मध्वज रूप धर्ने ॥

॥२१॥

किल्ला छ चारैतिर वेश पक्का ।
वैरीहरूवाट हुँदैन धक्का ॥
दुर्गै हुनाले पनि दुर्ग नाम ॥
ठूलो छ किल्लाहरूको वयान ।

॥२२॥

किल्ला विनाको सब राजपाट ।
वैरीहरूको पछि पर्छ हात ॥
यो दुरदर्शी प्रभुले विचारी ।
पक्का गरे पर्वत दुर्गभारी ॥

॥२३॥

माता जगत्की पतिले सनाथ ।
वस्छन् यहाँ योगिनी कोटि साथ ॥
छन् योगिनी दुर्गम दुर्गपाल ।
खड्गादि ली हात विषे कराल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२४॥

काला र सेता सब भैरवादि ।
गछंन समीक्षा पुरको समालि ॥
चारै दिशामा पनि चार मूर्ति ।
नारायणै छन् पुरका प्रपूर्ति ॥

॥२५॥

बाग्द्वार भन्छन् यसमा छ ठूलो ।
आराम राम्रो शिवका पुरीको ।
यै बीचमा गोमुख धारबाट ।
निस्कन्छ धारा जलको पवित्र ॥

॥२६॥

त्रैलोक्यको शुद्धि छ गर्नु काम ।
श्री बाग्मती यो उनको छ नाम ॥
झर्दै लिई सुन्दर मार्ग सुन्दरी ॥
जलै पुगी बज्र गइन् कि सुन्दरी ॥

॥२७॥

त्यो ठाउँमा दिव्य छ टङ्कशाला ।
सर्कारिया यी टक ढाल्न नाना ॥
मुद्रा मिले त्यो दुनिया तमाम् ।
गर्दोछ सारा व्यवहार नाम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥२८॥

त्योदेखि कोशै पर एक शुद्ध ।
लिङ्ग रहेको शिवको पवित्र ॥
गोकर्ण भन्छन उनको सुनाम ।
ब्रह्मादिले स्थापित ईश जान ॥

॥२९॥

धेरै तपस्वीहरु सिद्धि पाई ।
वस्थे अघी यो स्थलमा रमाई ॥
श्री शम्भुको त्यो अभिशेषलाई ।
आइन नदी ती बहुतै रमाई ॥

॥३०॥

पित्रादिको जो जलपिण्ड दान ।
गछन् यहाँ भक्ति लिई तमाम ॥
घुर्खा तिनीका सब मुक्ति पाई ।
बस्छन शिवैका पुरमा रमाई ॥

॥३१॥

पूजा चनैको शिर यो झुकाई ।
गछन् नमस्ते जन भक्तिलाई ॥
ऐश्वर्य भोगी पछिबाट खास ।
गछन उनैको पुरमा निवास ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३२॥

त्योदेखि कोशै पर एक शुद्ध ।
भी बुद्धको चैत्य छ यो पवित्र ॥
बौद्धानुयायीहरु धेर आई ।
वस्थे खुसीले यसमा रमाई ॥

॥३३॥

यागादि हुन हिंस्रक धर्म खास ।
गर्दा भयो यो जनता विनाश ॥
यागादि छोडे हुँदिमै तमाम् ।
मिल्ला सबैमा सुख शान्ति नाम ॥

॥३४॥

गर्नू सदा भूतदया प्रकाम ।
आत्मा विषे चिन्तन शुन्य धाम ।
कर्मादिको बन्धनलाई तोडी ।
गार्हस्थ्य छोडी वनभित्र योगी ॥

॥३५॥

यो घोषणाले सब यो मुलुक ।
बन्दो भयो घाम विषे उलूक१ ॥
परंपराको अब सर्वनाश ।
भयो चल्यो कर्म विरुद्धवाद ॥

१ लाटोकोशेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३६॥

राजाधिराजा पनि शान्त मार्गी ।
वन्दा भएथ्यो जगतै अकर्मी ॥
त्यागी दिए वेद विधान धर्म ।
दिन्थ्यो नर्याले किन नित्य शर्म ॥

॥३७॥

यागादिको नाशक यो नवीन ।
चल्दो भयो शासन बुद्ध जन्य ॥
भै राजधर्मैं द्विज देवतामा ।
आपत् भयो वृत्ति विनाशिदामा ॥

॥३८॥

त्यो कालसम्म द्विजको पनि धाक धूक ।
वेशै थियो जगतमा तपको तुजूक ॥
ठानेर बुद्धकन आदिम धर्म रोधी ।
वन्दै गए सकल वैदिक झन् विरोधी ॥

॥३९॥

यस्तै हुंदै गइ हजारन वर्षसम्म ।
वढ़दै गएर पृथिवी भरपूर टम्म ॥
ढाक्यो जसै सुगत शासन घट्न खास ।
लाग्यो रहन्छ कसको गति एक नाश ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४०॥

क्वै कालमा प्रतनु ब्राह्मण धर्म खास ।
औतार ब्राह्मण कुमारिल भट्टनाम ॥
उद्धार गर्म भनि वेद विधान धर्म ।
जन्मै लिए सबकनै सुख शान्ति गर्न ॥

॥४१॥

यस्कै निमित्त उनले निज देहलाई ।
लोष्टै वरावर गरेर दिए जलाई ॥
शास्त्रार्थमा सुगतको मत शुद्ध पारी ।
प्राचीन श्रौतपथलाई दिए चलाई ॥

॥४२॥

यै कालमा द्राविड विप्र पुत्र ।
श्री शङ्कराचार्य भए प्रसिद्ध ॥
अद्वैतको मूल सुधार गन ।
जन्मै लिएका शिव हुन् कि ? ज्ञान ॥

॥४३॥

जगत्की माताको स्तन पिइ लिदा बालपनमा ।
उदाएथ्यो सारा वयुन उनमा पूर्ण तहमा ॥
उसैका सारैले विन गुरु उनीका मन महां ।
न अड्की पड शास्त्रै परिचित भए एक क्षणमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४४॥

संन्यासको मतलिई कन वाल योगी।
वेदान्त दर्शन पढी यति संघ जोडी॥
त्यो संघ साथ वल बुद्धि र शास्त्रबाट।
गर्ने थियो जति गरे उनले त काम॥

॥४५॥

पृथ्वी सवै घुमि घुमी कन अन्य धर्म।
पारेर खण्डन सवै नलिएर शर्म॥
स्वीकार भो जब सनातन धर्मलाई।
अद्वैतसिद्धि थिनबाट भयो रमाई॥

॥४६॥

अद्वैत वेदान्त मतानु यायी।
आचार्य पैला गनिए यहाँ यी॥
अद्वैत वैयासकि सूत्रलाई।
भाष्यै गरे छन् थिनले रमाई॥

॥४७॥

सधै घुमी अन्य मतै उढाई।
सफा गरे भारत वर्षलाई॥
मिले अरू भिन्न मतानुयायी।
सनातनैमा पछिवाट आई॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥४८॥

बढ़ेर जांदो अघि एक नाश ।
छंदा छदैमा अवकास बाँस ॥
नुहुन्छ लत्रङ्क गलेर हेर ।
सधै भरीको छ र एक रूप ॥

॥४९॥

यो देखि कोशै पर एक रम्य ।
गुह्येश्वरी पीठछ झन् सुगम्य ।
पैले सतीअङ्ग गली झरेर ।
गुह्येश्वरी पीठ वन्यो पवित्र ॥

॥५०॥

स्वयम् थियो यो अति पुण्य देश ।
सदा शिवैको करुणा मिलेर ॥
जगत्प्रसूको पनि वास धन्य ।
मिले छंदा भो सुनमा सुगन्ध ॥

॥५१॥

सफा छ त्यो मन्दिर चारतर्फ ।
छन् धर्मशाला जनका निवास ॥
छन् मूर्ति नाना थरिका भरेका ।
कालींगडी झल्कन गै रहेका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥५२॥

सुवर्णको मन्दिर यो छ सुन्दर।
छानो छ पक्का सुनकै सवैतिर॥
छन् सर्प सिंहादिहरू अनेक।
कालीगढी त्यो छ विचित्र रूप॥

॥५३॥

त्रिकालिकै शिल्पकला विभिन्न।
देखिन्छ यो तीर्थ भरी अनेक॥
नेपालको गौरव यो कलाको।
भण्डार हो पूर्ण छ यो मजाको॥

॥५४॥

श्री ब्रह्म विष्णु शिव यी सव देवलाई।
राखी विमान निज लोक विषे पुऱ्याई॥
देखाइ थिन् चरणका नख कान्ति भित्र।
ब्रह्माण्ड कोटि शिव विष्णु अनन्त चित्र॥

॥५५॥

हजारौं मुखले करोडन शरत्शेषै भनुन्तै पनि।
पर्याप्तै नहुने भए प्रकृतिकको यस्तो छ माया भनि।
यस्ती श्री त्रिगुणात्मिका भगवती चिन्द्रूपिणीमा सव।
उत्पति स्थिति नाश हुन्छ जलमा फोका सरी चंचल॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥५६॥

यो तीर्थकै पास छ एक धन्य ।
मृगस्थलीको वन शान्त रम्य ॥
यो जङ्गलैमा मृगरूप धारी ।
विहार गर्थें शिव भै विहारी ॥

॥५७॥

यो देखि थोरै पर वाग्मतीका ।
प्रवाह पारीछ पवित्र तीर्थ ॥
हुन्छन् यहाँ आर्यहरू जमात ।
यै हेतुले नामछ आर्यघाट ॥

॥५८॥

यो घाटकै पश्चिम देव सिद्ध ।
कैलाश यो पर्वत हो प्रसिद्ध ॥
यो शैलको निर्मल काख भित्र ।
छ स्वर्णको मन्दिर त्यो विचित्र ॥

॥५९॥

देखिन्छ छानो सुनको सवैतिर ।
दुवै तला मन्दिरको प्रकाशक ॥
त्रिकालिकै शिल्पकला विकासक ।
सुमेरुनै हो कि हिरण्य भासुर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥६०॥

विशाल यो मन्दिर चारतर्फ ।
छन् पूर्ण शोभामय द्वार चार ॥
भित्री तिनैका पनि भित्र भित्र ।
छन् चार ढोका अझ ती विचित्र ॥

॥६१॥

त्यो भित्र मूर्ति प्रभुको विशाल ।
देखिन्छ एकै पनि चार भाल ॥
प्राचीन कालीन कला खुलेको ।
देखिन्छ सच्चा प्रभुमा झुलेको ।

॥६२॥

अमूल्य सौन्दर्य सुदीव्य मूर्ति ।
झल्किन्छ नाना थरिको प्रपूर्ति ॥
सजीव शोभाकन मात गर्ने ।
त्यो दर्शनैले मन शुद्ध गर्ने ॥

॥६३॥

पूजा सदा हुन्छ त्रिकालमा नै ।
राजो पचारैं गरि एक नाशै ॥
सुनिन्छ वेदध्वनि झन मजाले ।
घन्किन्छ घण्टा ध्वनि एकताले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥६४॥

वज्छन मजाले नगरा खुलेर ।
गानाहरूका स्वरमा मिलेर ॥
गानाहरू गायक गाउँदा छन् ।
चिम्लेर आँखा दिल लाउँदा छन् ॥

॥६५॥

माला लिएर कति मन्त्र जपी रहन्छन् ।
ध्यानै गरेर कति ईश्वरलाई देख्छन् ।
पूजा गरेर कति छन् फलदीव्य भागी ।
निष्काम भाव लिनमा कति छन् तयारी ॥

॥६६॥

कोही हुनन् पशुपति प्रभुका पूजारी ।
स्त्री पुत्र वित्त तिरमा कतिको छ दावी ॥
कोही हुनन् कि अजरामरका भिखारी ॥
कोही हुनन् कि अरुको लिन खेत वारी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारन्तरले वर्णन

॥६७॥

गौरीघाट छ केहि पश्चिम गयी त्यो वाग्मती तीरमा।
गछन स्नान र दान भक्तहरुले यो तीर्थका बीचमा॥
अर्को पर्वतलाई भेदन गरी बाहीर गङ्गा गईन।
पाइन दर्शन शम्भुको र खुस्किले पूजा हनीले गरिन॥

॥६८॥

तीर्थै वेशछ आर्यघाट भनिने त्यो पश्चिमै तीरम
घेरै छन मठ देव मन्दिर हरु पक्का बिनारा महाँ॥
टाढाका जन वास खातिर यहाँ छन धर्मशाला जति।
पूजा पाठ र होम दर्शन गरी बस्छन यहाँनै कति॥

॥६९॥

अन्त्यै काल भयो जसै गिरिशका ती भक्त यै तीर्थमा।
प्राणै त्याग गरेर ती शिव पुरी पुग्छन यसै कालमा॥
संसारी जनथी महेश प्रभुको आराधनालेगरी।
मैला यो मनको बगाई जलमा हुन्छन्पवित्रै पनि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥७०॥

पशुपति प्रभुको त्यो नित्य पूजा निमित्त ।
युग युग अघि पण्डा दक्षिणै देखि आई ॥
विधि सित जति गर्थें आज सन्तान उन्कै ।
शिव शिव जपपूजा गदछन् ती अछिन्नै ॥

॥७१॥

धोती लाल कटी महाँछ शिरमा रुद्राक्षमाला अनि ।
शोभा त्यो छ त्रि पुण्ड भाल त्रिचमा माला गलामा पनि ॥
लाली वेशश्च शान्त कान्ति मुखको ब्रह्मत्व झल्के सरी ।
बस्छ मन्दिर भित्र ब्राह्मण हरू पूजा शिवैका गरी ॥

॥७२॥

मूर्ति श्री शिवको छ सुन्दर शिलाले नै बनेको अनि ।
चारै तर्फ चतुमुखै हुनगई देखिन्छ शोभा पनि ॥
गंगा स्नान गरेर घाटविचमा बाटो सिंढीको लिई ।
जान्छन् मन्दिर तर्फ भक्त प्रभुको सम्झेर नामै जपि

॥७३॥

दर्शनै जब मिल्यो शिवजीको ।
भक्तको मन पवित्र हुँदै गो ॥
स्वच्छ सुन्दर सफा सब तर्फ ।
मिल्छ दर्शन उही छबि एक ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥७४॥

वेदशास्त्र र पुराणहरूले ।
शान्त मूर्ति शिवको भनि गाए ॥
सोहि शान्त शिवजी कन देखि ।
शान्त हुन्छ मनको सब शेखि ॥

॥७५॥

मूर्ति दर्शन गरे पनि पाप ।
नाश हुन्छ मनको पनि ताप ॥
शान्तभै गिरिशका सब भक्त ।
भक्तिले पछि हुनन् अनुरक्त ॥

॥७६॥

संसारमा जति पदार्थछ दृश्यमान ।
त्यो हो अनित्य सब नाशिन जान्छ जान ॥
यो भित्र बाहिर अदृश्य भई रहेको ।
आकाश तुल्य शिव व्यापक मानिएको ॥

॥७७॥

जस्का त पेट विचमा सबथोछ विश्व ।
त्यस्तो अगम्य अविनश्वर त्यो छ तत्व ॥
त्यै तत्वहो पशुपति प्रभुको महत्व ।
त्यो तत्व खोज मनको अनिवढछ सत्व ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(4) वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म खण्ड

श्लोक	अशुद्ध	शुद्ध
१२	~~दिनकुने~~	कुनेदिन
१८	वीच	बीज
,,	रुप	रूप
२०	त्याहाँ	त्यहाँ
२१	हरु	हरू
४०	याहाँ	यहाँ
४१	हरु	हरू
४२	भइं	भइ

प्रकृति खण्ड

१	दुइं	दुइ
१०	बूढा	बूढो
१६	अरु	अरू
१६-२०	चौरासी	चौराशि

कर्मखण्ड

विवेक

१६	राशी	राशि
१७	नहुस	नहुष
२१	लाल्या	लाल्य
५१	उपादि	उपाधि
६६	सिर ∪	शिर ∪

राजधानी

२	दुशतकं	दुःखकं
१०	हृदबाध	हृदबाध
१६	हरुको	अरूको
६८	किनारा	किनारा
७१	वस्त्र	वस्त्रं
	फस्तै	फस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu